☎ 047-520066

# सामाजिक, आर्थिक विकासमा महिला साक्षरताको भूमिका

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन
विभाग स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको आवश्यकता
परिपूर्तिको निम्ति प्रस्तुत

**शोधपत्र**

शोधकर्ता
सुरजराज अधिकारी
परीक्षा रोल नं.: २३३०१९२
क्याम्पस रोल नम्वरः ०८/२०६५
त्रि.वि.वि. दर्ता नं.:-६-१-२३३-६५-२०००
सिन्धुली वहुमुखी क्याम्पस, सिन्धुली, २०६९

# सिन्धुली वहुमुखी क्याम्पस

## कमलामाई-९, सिन्धुली

# Sindhuli Multiple Campus

## Kamalamai-9, Sindhuli

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय सिन्धुली वहुमुखी क्याम्पस, सिन्धुली, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अर्न्तगत, स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षका विद्यार्थी सुरजराज अधिकारीले **सामाजिक, आर्थिक विकासमा महिला साक्षरताको भूमिका** शीर्षकमा प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार गर्नुभएको हो । निकै मेहनत र परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु । यसको आवश्यक मूल्याङ्कनको लागि शोध मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

...........................

भागवत थापा
शोध निर्देशक

मिति : २०६९/०९/०८

# स्वीकृत पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय सिन्धुली बहुमुखी क्याम्पस सिन्धुली शैक्षिक योजना तथा व्यवस्थापन विभागका विद्यार्थी सुरजराज अधिकारीले स्नातकोत्तर तहको आवश्यकता पूरा गर्ने प्रयोजनको लागि प्रस्तुत **सामाजिक, आर्थिक विकासमा महिला साक्षरताको भूमिका** शीर्षकको शोधपत्र मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सारदामणि खड्का | क्याम्पस प्रमुख | ............... |
| २ | सह  प्रा. डा. सुशन आचार्य | वाह्य परीक्षक | ............... |
| ३ | भागवत थापा | शोध निर्देशक | ............... |

मिति : २०६९/१२/१२

# कृतज्ञता ज्ञापन

त्रिभूवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, सिन्धुली बहुमुखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अर्न्तगत स्नातकोत्तर उपाधि प्राप्त गर्न "शैक्षिक योजना तथा व्यवस्थापन" विषय दोस्रो वर्षको Ed. 598 को लागि 'शोधपत्र' विषयलाई समावेश गरिएको छ ।

'सामाजिक-आर्थिक विकासमा महिला साक्षरताको भूमिका' विषयक प्रस्तुत शोधपत्र लेखनको क्रममा सुरुदेखि अन्तसम्म आफ्नो अमूल्य समय प्रदान गरी नियमित निर्देशन, महत्वपूर्ण सल्लाह एवं सुझावहरु दिई पथ प्रदर्शन गर्नुहुने शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख तथा शोध समितिका संयोजक उप-प्राध्यापक श्री भागवत थापा तथा सिन्धुली वहुमुखी क्याम्पसका क्याम्पस प्रमुख श्री शारदामणि खड्का एवं बाह्य परिक्षक सह-प्रा. डा. सुशन आचार्यज्यू प्रति हृदय देखिनै हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयारीको क्रममा आवश्यक महत्वपूर्ण सरसल्लाह प्रदान गर्नुहुने मित्रहरु श्री सन्तोष घिमिरे, श्री पुरुषोत्तम काफ्ले, श्री ताराहरि पौडेल लगायत अनुसन्धानको क्रममा सूचना तथा तथ्याङ्क संकलन कार्यमा महत्वपूर्ण सहयोग गरिदिनु हुने जिल्ला शिक्षा कार्यालय, सिन्धुली, राष्ट्रिय तथ्याङ्क शाखा, सिन्धुली, गाउँ विकास समितिको कार्यालय, रानिचुरी तथा अनुसन्धान क्षेत्र रानिचुरी वडा नं. १ र ७ का सहभागी साक्षर महिलाहरुले गर्नुभएको सहयोगको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । शोधपत्र तयारीको क्रममा घर व्यवहारमा सदैव शैक्षिक वातावरणको सृजना गरी सहयोग पुऱ्याउने जीवन संगिनी श्रीमती विन्दा अधिकारी (काफ्ले) तथा महिला सहयोगी कार्यकर्ता सुश्री निर्मला रायलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यस्तै छिटो छरितो रुपमा कम्प्युटर टाइपिङ्ग, प्रिन्टिङ्ग गरी सहयोग पुऱ्याउनु हुने सक्सेस कम्प्यूटर इन्स्टिच्युट, बुद्धनगर-७, सिन्धुलीका श्री शिवप्रसाद पहाडीलाई समेत धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा यो शोधपत्र यस विषयसँग सम्बन्धित सबै व्यक्तिहरु, संघ-संस्था आदिका लागि उपयोगी हुनेछ भन्ने कुरामा विश्वास लिएको छु ।

शोधकर्ता

सुरजराज अधिकारी

# शोधसार

समाजमा पिछडिएका तथा निम्न आय भएका व्यक्तिहरुको जीवनस्तर उठाउन आय आर्जनका लागि व्यवसायमूलक सीप प्रदान गर्न तथा निरक्षर भएका कारण महिलाहरुले दैनिक जीवनमा भोग्नु परेका समस्याहरु सुल्झाउन साक्षरता शिक्षाको विशेष महत्व रहँदै आएको छ । यसै सन्दर्भमा **समाजिक-आर्थिक विकासमा महिला साक्षरताको भूमिका** विषयक शीर्षक राखी गरिएको यो अध्ययनको मुख्य उद्देश्य सामाजिक, आर्थिक विकासमा साक्षर महिलाको भूमिका पहिचान गर्नु रहेको छ ।

यो अध्ययन गुणात्मक तथा परिमाणात्मक तथ्याङ्कहरुलाई विश्लेषण गरी वर्णनात्मक ढाँचाको माध्यमबाट तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण गरिएको छ । अध्ययनको क्रममा सिन्धुली जिल्ला रानिचुरी गा.वि.स. वडा नं. १ भीरगाउँ र वडा नं. ७ मोरङ्गेटारमा संचालित साक्षरता अभियान महिला साक्षरता शिक्षामा सहभागी ४० जना महिला सहभागीहरुलाई उद्देश्यपूर्ण नमूना छनौट विधिको आधारमा छनौट गरिएको थियो । यस अध्ययनको उद्देश्यहरुलाई प्राप्त गर्नको लागि प्राथमिक तथा द्वितीय दुवै श्रोतको प्रयोग गरिएको थियो । सो अध्ययनका लागि आवश्यक सूचना तथा तथ्याङ्कहरु प्राप्त गर्न सहभागी महिलाहरु, सहयोगी निरिक्षक तथा जिल्ला शिक्षा कार्यालयका अनौपचारिक शिक्षा हेर्ने कर्मचारीलाई नमूनाको रुपमा छनौट गरी विभिन्न साधनहरु जस्तै घरधुरी सर्वेक्षण फाराम, अवलोकन फाराम, प्रश्नावली, अर्न्तवार्ता तथा समूह छलफलको माध्यमबाट स्थलगत सर्वेक्षण गरी निष्कर्ष निकालिएको थियो ।

यस अध्ययनको परिणाम अनुसार समग्रमा ९३ प्रतिशत महिलाहरु साक्षर भएको पाइयो भने पूरा साक्षर जनसंख्यामा ४९ प्रतिशत महिलाहरु र ५१ प्रतिशत पुरुषहरु साक्षर रहेको पाइयो । अझ पनि पुरुषहरु सरह महिलाहरुको साक्षरता दर पाउन सकिएन । महिला साक्षरता शिक्षा पश्चात् यहाँका महिलाहरुमा साक्षरता, समानता र सशक्तिकरणको स्थितिमा वृद्धि भएको पाइयो । महिला साक्षरताले सामाजिक-आर्थिक अवस्था उकास्नमा सकारात्मक भुमिका खेलेको पाइयो । कुनै पनि कार्य एक्लै गर्नु भन्दा समुदायमा रहेको व्यक्तिहरु मिलेर गर्दा पक्कै पनि सफल भइन्छ भन्ने विश्वास सहभागी महिलाहरुमा पाइएको छ । पुरुषको प्रतिनीधिको रुपमा समेत उपस्थित भएर प्रस्तावहरु राख्न र निर्णयहरु गर्न/गराउन समेत सक्षम भएकाले साथै बाहिरियाहरुसँग समेत स्पष्ट र निर्धक्क कुरा गर्न सक्ने भएकोले महिलाहरुलाई शिक्षा दिलाउन र कुनै पनि कार्यमा महिला सहभागिता छुटाउनु हुँदैन भन्ने दृष्टिकोण समग्र समुदायबाट पाइएको छ । प्रस्तुत अध्ययन, अवलोकन एवं सहभागीहरुको भनाइ अनुसार पनि छोराछोरीको

शिक्षा, लैङ्गिक समानता, सरसफाइ एवं पोषण, जनसंख्या शिक्षा, कृषि शिक्षा, स्थानिय स्रोत र साधनको परिचालन एवं सीपमूलक आयआर्जन तथा सामाजिक विकास कार्य जस्ता विषय वस्तुहरुमा सहभागीहरुले बढी चाख राखेको पाइएको छ ।

साक्षरता अभियान अर्न्तगतको महिला साक्षरता शिक्षा कार्यक्रमलाई अझ सशक्तिकरण तर्फ उन्मुख बनाई सहभागीहरुको रुचि र आवश्यकता एवं स्थानीय मागको आधारमा साक्षरता कार्यक्रमका कक्षाहरु संचालन गरिनुपर्ने देखियो । अनौपचारिक शिक्षा साक्षरता अभियान अर्न्तगत महिला साक्षरता कार्यक्रमलाई राम्रोसंग कार्यान्वयनमा लगियो भने यसले अवस्य पनि सामाजिक, आर्थिक विकासमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्दछ । तसर्थ, साक्षरता कार्यक्रमलाई तालिम र सिपको माध्यमबाट व्यवहारिक शिक्षा दिई गुणस्तरीय जीवन जिउन सहयोग पुऱ्याउने हेतुले सञ्चालन गरिनु जरुरी देखिन्छ ।

# विषयसूची


सिफारिस-पत्र

स्वीकृति-पत्र

कृतज्ञताज्ञापन

शोधसार

विषय सूची


## परिच्छेद : एक

### परिचय


| | पृष्ठ |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | १० |
| १.३ अध्ययनको औचित्य | १२ |
| १.४ अध्ययनको उद्देश्य | १२ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | १३ |
| १.६ अध्ययनको परिसीमा | १३ |


## परिच्छेद : दुई

### सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा


| | |
|---|---|
| २.१ साहित्यको पुनरावलोकन | १४ |
| २.२ सैद्धान्तिक खाका | १९ |
| २.३ अध्ययनको शैक्षिक उपादेयता | २२ |


## परिच्छेद : तीन

### अध्ययन विधि


| | |
|---|---|
| ३.१ अध्ययनको ढाँचा | २३ |
| ३.२ जनसंख्या तथा नमूना | २३ |
| ३.३ तथ्याङ्क संकलन विधि तथा साधन | २४ |
| ३.४ तथ्याङ्कको स्रोत | २५ |
| ३.५ तथ्याङ्क संकलन प्रक्रिया | २५ |
| ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण | २५ |

## परिच्छेद : चार

## तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण


४. १ कार्यक्रमको अवस्थिति २६

४.२ सहभागीको स्थिती २७

४.२.१ जनसंख्या विवरण २७

४.२.२ सर्वेक्षणमा परेको जनसंख्या विवरण २८

४.२.३ लिङ्ग र उमेरको आधारमा जनसंख्या वितरण २८

४.३ साक्षरताको स्थिती २९

४.४ अभियानले सामाजिक-आर्थिक विकासमा खेलेको भुमिका ३०

४.४.१ प्रश्नावलीबाट प्राप्त उत्तरहरु ३१

४.४.२ अवलोकन फारामबाट प्राप्त उत्तरहरु ३२

४.४.३ सहभागीता एवं साक्षरता स्थिति ३३

४.४.४ पढाइ-लेखाइ एवं गणितीय सीप विकास ३४

४.४.५ बालबच्चाको शिक्षा सम्वन्धमा ३४

४.४.६ लैङ्गिक स्थिति ३४

४.४.७ जनसंख्या तथा परिवारनियोजन सम्वन्धमा ३४

४.४.८ वातावरण शिक्षा सम्वन्धमा ३५

४.४.९ स्वास्थ्य तथा सरसफाई सम्वन्धमा ३५

४.४.१० आय-आर्जन सीप तथा श्रोत परिचालन सम्वन्धमा ३५

४.४.११ आर्थिक तथा सामाजिक अवस्था सम्वन्धमा ३६

४.४.१२ सामुदायिक सहभागिता सम्वन्धमा ३६

४.४.१३ महिलाप्रतिको दृष्टिकोण सम्वन्धमा ३६


## परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु


५.१.१ साक्षरता दर र लैङ्गिक अवस्था ३९

५.१.२ प्राप्ति ३९

५.२ निष्कर्ष ४१

५.३ सुझावहरु ४२

सन्दर्भ सामाग्री

अनुसूची

परिशिष्ट

सिन्धुली जिल्लाको नक्सा

## तालिका सूचि

| तालिका नं. | विवरण | पृष्ठ |
|---|---|---|
| १. | नेपालमा साक्षरताको स्थिति | ६ |
| २. | जम्मा विद्यार्थी विवरण | ८ |
| ३. | शिक्षक विवरण | ९ |
| ४. | शिक्षण संस्था विवरण | ९ |
| ५. | लैङ्गिक साक्षरताको अवस्था | १० |
| ६. | नमूना छनौट गरिएको संख्या विवरण | २३ |
| ७. | जनसंख्या विवरण | २७ |
| ८. | सर्वेक्षणमा परेका जनसंख्या विवरण | २८ |
| ९. | लिङ्ग र उमेरको आधारमा जनसंख्या विवरण | २८ |
| १०. | प्रश्नावलीबाट प्राप्त उत्तरहरु | ३१ |
| ११. | अवलोकन फारामबाट प्राप्त उत्तरहरु | ३२ |